श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७८/०७९ सम्पर्क नं.:-०२४५२२१९५

चलानी नं. : ४८२ इमेल:-info.dcpanchthar@supremecourt.gov.np

मिति:२०७८।०५।२८

सूचना प्रकाशित मिति २०७८/०५/२८

समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञको सूचिकृत सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस अदालतको मिति २०७८/०५/२७ गतेको निर्णय बमोजिम बाल न्याय सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७४ को दफा ६२(१) बमोजिम समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञको नामावली सूचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन(कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बालमनोविज्ञ वा बालविशेषज्ञको योग्यता सम्बन्धी विषयलाई मध्यनजर गरी समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकोले यस अघि सूचिकृत भई सेवा प्रवाह गर्दै आएका समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञको सूची अध्यावधिक गर्नु पर्ने र सूचिकृत हुन चाहनेहरुको लागि देहायको योग्यता पुगेका व्यक्तिले आफ्नो शैक्षिक योग्गताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतमा दरखास्त दिनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उम्मेदवारको योग्यता:-**

१. बालमनोविज्ञ वा बालविशेषज्ञ:

- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्ववद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

२. समाजसेवी:-

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवा सम्बन्धमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

यस सम्बन्धमा अन्य कुरा बुझ्न पर्ने भए यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नुहोला ।

.....................

विश्व जंग सिजापती

श्रेष्तेदार